# कर्जा असुली न्यायाधिकरण

# नयाँ वानेश्वर, काठमाडौं

# नागरिक वडापत्र

## १.मुख्य मुख्य सेवाहरू, लाग्ने शुल्क, सेवा लिने प्रकृया र जिम्मेवार व्यक्ति/शाखा

| क्र. स. | सेवाको नाम | आवश्यक कागजात | लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सम्पर्क फाँट/ जिम्मेवार व्यक्ति | दर्ता गर्ने र गुनासो सुन्ने अधिकारी/पद |
|---|---|---|---|---|---|---|
| १ | उजुरी निबेदन दर्ता | १.संस्था दर्ताको प्रमाण पत्र प्रतिलिपि,<br>२.प्यान दर्ताको प्रमाण पत्र प्रतिलिपि,<br>३.कर चुक्ता प्रमाणपत्र प्रतिलिपि,<br>४.पक्ष / विपक्षको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,<br>५.कर्जा माग फारमको प्रतिलिपि,<br>६.जमानी कागजको प्रतिलिपि,<br>७.कर्जा तमसुकको प्रतिलिपि,<br>८.दृष्टीबन्धक कागजको प्रतिलिपि (गरेको भए),<br>९.कर्जा स्वीकृत पत्रको प्रतिलिपि,<br>१०.कर्जा स्टेटमेन्ट,<br>कर्जा बुझाउने बारेको ३५,२० र ७ दिने पत्रहरूको प्रतिलिपि,<br>११.राष्ट्रिय दैनिक पत्रिकामा निकालिएको ३५ दिने सूचना,<br>ऋणी उपर मुद्दा चलाउन गरिएको निर्णय र अख्तियारी दिएको माइन्यूटको प्रतिलिपि,<br>१२.उजुरी निवेदन (वकालतनामा, वारिसनामा,जग्गा रोक्का पत्र ल्याएको भए उजुरी निवेदन साथ राख्ने)। | दाबी रकमको शून्य दशमलव दुई पाँच प्रतिशत | एक कार्य दिन | मुद्दा दर्ता फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |
| २ | म्याद तामेली | | निःशुल्क | म्याद बुझेको एक हप्ता भित्र | म्याद तामेली फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | तारिख | तारिख पर्चा | निःशुल्क | १ घण्टा भित्र | मुद्दा फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |
| ४ | प्रतिउत्तर दर्ता | म्याद तामेली भरपाई प्रतिउत्तर पत्र | रु.२०० | १ कार्य दिन | मुद्दा दर्ता फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |
| ५ | मिलापत्र | संयुक्त दरखास्त निवेदन<br>मिलापत्रको रीतपूर्वकको ढाँचा अनुसारको निवेदन | निवेदन दर्ता रु १०।<br>मिलापत्रको लागि दाबी रकमको ०.५० % रकम जस मध्ये मुद्दा दर्ता गर्दा तिरेको रकम घटाई बाँकी रकम। | १ कार्य दिन | | कर्जा असुली अधिकृत |
| ५ | साधारण निवेदन दर्ता | रीतपूर्वकको निवेदन | रु. १० | १० मिनेट | मुद्दा दर्ता फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |
| ६ | जग्गा दर्ता स्रेस्ता उतार/ रोक्का निवेदन | रीतपूर्वकको निवेदन | रु. १० | १ घण्टा | मुद्दा दर्ता फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |
| ७ | साप्ताहिक पेशी सूची जानकारी | मुद्दा नम्वर | निःशुल्क | साताको प्रत्येक शुक्रबार | मुद्दा दर्ता फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |
| ८ | दैनिक पेशी सूची जानकारी | मुद्दा नम्वर | निःशुल्क | प्रत्येक दिन बिहान ०९:३० बजे | मुद्दा दर्ता फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |
| ९ | फैसला पुर्ण पाठ तयारी | | निःशुल्क | २१ कार्य दिन | मुद्दा फाँट, शाखा अधिकृत | अध्यक्ष तथा सदस्यहरु |
| १० | गुनासो दर्ता | मौखिक लिखित | निःशुल्क | तुरुन्तै | मुद्दा दर्ता फाँट/शाखा अधिकृत | कर्जा असुली अधिकृत |

२. उजुरी निवेदन दिने प्रकृया र उजुरी निवेदनको ढाँचाको लागि कर्जा असुली न्यायाधिकरणको वेभसाइट lrt.gov.np को download मा हेर्नुहोला।

३. फैसला कार्यान्वयन:-

पुनरावेदन परेमा पुनरावेदनमा टुङ्गो लागेपछि र नपरेमा पुनरावेदन पर्ने अवधि समाप्त भएपछि सम्बन्धित उच्च अदालतमा पुनरावेदन परे नपरेको जानकारी लिई प्रचलित ऐन, नियम र कार्यविधि अनुसार फैसला कार्यान्वयनको कारबाही अगाडि बढाइनेछ।प्रतिवादीको जाय जेथा, चल अचल सम्पत्ति वादी सहकारीले देखाउनु पर्नेछ।

४. नागरिकका अधिकार र कर्तव्य:-

- सेवाको सम्बन्धमा स्पष्ट र समयमै जानकारी पाउने अधिकार,
- सेवाको गुणस्तर र पारदर्शितामा सुझाव दिने अधिकार,
- सेवाग्राहीले सत्य जानकारी, आवश्यक कागजात र सभ्य व्यवहार प्रस्तुत गर्ने कर्तव्य ।

५. गुनासो, सुझाव तथा उजुरी:-

न्यायाधिकरणको सेवामा कुनै ढिलासुस्ती, असन्तुष्टी वा समस्या भएमा सेवाग्राहीले निम्न माध्यमबाट गुनासो, सुझाव तथा उजुरी दर्ता गर्न सक्नुहुन्छ।

सूचना अधिकारी

नविन मैनाली

सम्पर्क नम्वर:- ९८५१३२२८८८

ईमेल ठेगाना :- info@lrt.gov.np.

साथै प्रत्यक्ष रुपमा कार्यालयमा उपस्थित भएर समेत उजुरी, सुझाव र गुनासो राख्न सक्नुहुनेछ।

६.सम्पर्क विवरण

कर्जा असुली न्यायाधिकरण

सहकारी विभाग परिसर

नयाँ बानेश्वर काठमाडौं

फोन नम्बर ०१-४५३३६४५, ०१-४५३३६४६

इमेल ठेगाना

कार्यालयको समग्र कामको लागि info@lrt.gov.np

मूद्दा सम्बन्धी कामको लागि mudda@lrt.gov.np.

म्याद सम्बन्धी कामको लागि myad@lrt.gov.np

प्रशासन सम्बन्धी कामको लागि admin@lrt.gov.np

Website: www.lrt.gov.np